# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, भदौ १ गते २०४९ साल (संख्या १९


## भाग ३

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले कान्ति बाल अस्पताल विकास समिति (गठन) आदेश, २०४० को दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कान्ति बाल अस्पताल विकास समितिमा देहाय बमोजिम थपघट तथा हेरफेर गरेको छ ।

| | |
|---|---|
| क) श्री ५ को सरकारबाट मनोनित व्यक्ति | –अध्यक्ष |
| ख) प्रमुख, मेडिकल विभाग, कान्ति बाल अस्पताल | –सदस्य |
| ग) प्रमुख, सर्जिकल विभाग, " | –सदस्य |
| घ) प्रमुख, गहन उपचार विभाग, " | –सदस्य |
| ङ) प्रमुख, प्याथोलोजी विभाग, " | –सदस्य |
| च) अध्यक्ष, नेपाल बाल चिकित्सक संघ | –सदस्य |
| छ) प्रमुख, चिकित्सा शास्त्र अध्ययन संस्थान, शिक्षण अस्पतालको बाल विभाग | –सदस्य |
| ज) मेट्रोन, कान्ति बाल अस्पताल | –सदस्य |
| झ) चन्दादाता तथा सामाजिक कार्यकर्तामध्ये श्री ५ को सरकारबाट मनोनित दुईजना | –सदस्य |
| ञ) निर्देशक, कान्ति बाल अस्पताल | –सदस्य-सचिव |

आज्ञाले,
मुकुन्दशम्शेर थापा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी वीर अस्पतालमा स्वयम सेवकको रूपमा काम गरिरहेकी नर्स श्री क्रिष्टिना हफम्यानले वीर अस्पतालको लागि उपहारस्वरूप प्रदान गर्ने डि. एम. १०६९।८९ मूल्य बराबरको औषधीहरू पैठारीमा १% भन्सार महसुल लिई बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी केन्द्रीय खाद्य अनुसन्धान शालाको लागि स्वीडेनको इन्टरनेशनल फाउन्डेशन फर साइन्सले दैनिक अनुसन्धानात्मक सेवा विस्तार कार्यको लागि उपहारस्वरूप प्रदान गर्ने यू.एस. डलर २८९२ मूल्य बराबरको कम्प्युटर उपकरणको पैठारीमा १% भन्सार महसुल लिई बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०२१ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी महा ओकुवहाल पेशागत मूर्तिकला कालिगढ साझा संस्था लि. ले मूर्ति बनाउने कार्यको लागि सिंगापुरबाट आयात गर्ने १८ मे.टन तामापत्रमा लाग्ने भन्सार महसुल १ प्रतिशत लिने गरी आँशिक छूट दिई बिक्रीकर पूर्णरूपले छूट दिने निर्णय गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उप-सचिव

३३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

श्री ५ को सरकारले मनोरञ्जनकर ऐन, २०१७ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल स्वास्थ्य स्वयम सेवक संस्थाको सहायतार्थ विराटनगरको वीरेन्द्र सभागृहमा मिति २०४९।४।२ देखि मिति २०४९।४।६ सम्म र सुनसरी जिल्लाको धरान सैनिक भवनमा मिति २०४९।४।१८ देखि मिति २०४९।४।२४ सम्म प्रदर्शन गरिने नेपाली कथानक भिडियो चलचित्र "आँधी" को प्रदर्शनमा लाग्ने मनोरञ्जनकर छूट दिने निर्णय गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ५

श्री ५ को सरकारले मनोरञ्जनकर ऐन, २०१७ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सूर्योदय ज्योति प्राथमिक विद्यालय डिल्लीबजार काठमाडौंको सहायतार्थ भृकुटी मण्डपस्थित टेलीहलको नियमित प्रदर्शनमा बाधा नपुऱ्याउने गरी मिति २०४९।४।१७ र २०४९।४।१८ मा प्रदर्शन हुने नेपाली कथानक भिडियो चलचित्र "प्रेमकथा" मा लाग्ने मनोरञ्जनकर पूर्णरूपमा छूट दिने निर्णय गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,<br>
चण्डीप्रसाद श्रेष्ठ<br>
उप-सचिव

## सर्वोच्च अदालतको सूचना

### सर्वोच्च अदालत (पहिलो संशोधन) नियमावली, २०४९

सर्वोच्च अदालत नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सर्वोच्च अदालत ऐन, २०४८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सर्वोच्च अदालत (पहिलो संशोधन) नियमावली, २०४९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।



333

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. सर्वोच्च अदालत नियमावली, २०४९ मा नियम ४२ क. थप: सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२ पछि देहायको नियम ४२ क. थपिएको छ:–

"४२ क. स्याद तारिख सम्बन्धी विशेष व्यवस्था: अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस परिच्छेद अन्तर्गत परेका निवेदनपत्र सम्बन्धी मुद्दा मामिलाहरूमध्ये वन्दी प्रत्यक्षीकरणको निवेदनपत्र सम्बन्धी मुद्दा मामिलामा एक पटक मात्र बढीमा सात दिन र अन्य प्रकारका निवेदनपत्र सम्बन्धी मुद्दा मामिलामा एक पटक मात्र बढीमा ३५ दिन सम्मको स्याद तारिख गुजार्न थमाउन सकिनेछ।

तर,

(क) हालै भएको मृत्यु, आकस्मिक बिरामी, पारिवारिक क्षति वा त्यस्तै अन्य कुनै कारणले गर्दा तारिखको दिन पक्ष उपस्थित हुन नसकेकोमा रजिष्ट्रारले बढीमा १५ दिन सम्मको स्याद थामी दिन सक्नेछ।

(ख) नियम ६५ मा लेखिएको कुरामा सोही बमोजिम हुनेछ।"

आज्ञाले,
गोपालप्रसाद खत्री
रजिष्ट्रार
सर्वोच्च अदालत



338

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।